आज मिति २०८२/०७/११ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं का.वा.वडा अध्यक्ष | श्री रमेश किसान |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं का.वा.वडा अध्यक्ष | श्री मन बहादुर थापा |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | Shanti | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री ईश्वरी प्रसाद शर्मा |
| अन्य उपस्थिति | | | |
| १ | | प्रे.शाखा | श्री अभिलेख पन्त |
| २ | | प्र.प्र.अ. | श्री प्रशान्त श्रेष्ठ |
| ३ | | | श्री मुना शर्मा |
| ४ | Laxmi | | श्री लक्ष्मी श्रेष्ठ |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. श्रीमद् भागवत सप्ताह ज्ञानविज्ञान महायज्ञको लागि आर्थिक/भौतिक सहयोग सम्वन्धमा ।

३. खाद्य गोदामको लिजमा लिएको जग्गाको उपयोग सम्वन्धमा ।

४. डिपिआर तयार गरी ऋण उपलब्ध गराई दिन नगर विकास कोषमा अनुरोध गर्ने सम्वन्धमा ।

५. नवप्रवर्तन साझेदारी परियोजना प्रस्ताव तयार गरी पेश गर्ने सम्बन्धमा ।

६. नारायणस्थान स्वास्थ्य चौकी भवनको ठेक्का सम्वन्धमा ।

७. महोत्सव संचालनको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

८. आर्थिक सहयता रकमलाई समर्थन गर्ने सम्वन्धमा ।

९. अन्तिम किस्ता रकम माग गर्ने सम्बन्धमा ।

१०. दोश्रो भेरिएसन अर्डर सहितको सम्झौता रकम स्वीकृत गर्ने सम्वन्धमा ।

११. आर्थिक सहायता सम्बन्धमा ।

१२. डग सेल्टर जाने सडक सम्बन्धमा ।

१३. समवेदना सम्वन्धमा ।

१४. विविध सम्बन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सहयोगापेक्षी सडक आश्रित मानवमुक्त अभियानका साथ बा.न.पा. वडा नं. १ निरहेमा मानवसेवा आश्रमको भवन निर्माण तथा सेवा संचालनको लागि अक्षयकोष श्रीबृद्धि गर्ने पवित्र उद्देश्य लिएर यहि मिति २०८२ कार्तिक २१ गते देखी आयोजना हुन लागेको **श्रीमद् भगवत सप्ताह ज्ञान विज्ञान महायज्ञ-२०८२** लाई देहाय बमोजिम आर्थिक एवं भौतिक सहयोग गर्ने निर्णय गरियो ।

(क) उक्त महायज्ञ संचालनको लागि कार्यालयको तर्फबाट रु ५००,०००। अक्षेरुपी पाँचलाख रुपैया सहयोग गर्ने ।

(ख) सम्पूर्ण कार्यपालिका सदस्यहरुले आफुले प्राप्त गर्ने सुविधाबाट कम्तीमा १५ दिनको सुविधा रकम र सो भन्दा माथि दिन चाहने कार्यपालिका सदस्यहरुले ईच्छा बमोजिम थप गरी आर्थिक सहयोग गर्ने ।

(ग) महायज्ञको समयमा स्वास्थ्यकर्मी/नगर प्रहरी लगायत अन्य कर्मचारी परिचालन गर्न आवश्यक देखिएमा कार्यालयको कामलाई असर नपर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले आवश्यक व्यवस्था मिलाउने ।

(घ) नगरपालिका तथा मातहतका संस्थामा कार्यरत सम्पूर्ण कर्मचारी (स्वास्थ्य, वडा कार्यालय, शिक्षक) हरुलाई आर्थिक सहयोगको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत अनुरोध गर्ने ।

(ङ) मानवसेवा आश्रमलाई मानवीय सेवामा प्रयोग गर्ने गरी सवारी खरिदको लागि अन्य पालिका लगायतका संघसस्थाहरुसंग समन्वय गर्ने ।

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ३ (साविक कालिका गाविस वडा नं. ३) स्थित कृषि सामग्री कम्पनी लिमिटेडको नाममा नापी दर्ता भएको कि.नं. ७१, ७३ क्षेत्रफल ३-११-०-२ को जग्गा मिति २०८२/०७/०१ गते देखी लागु हुने गरी १५ बर्षको लागि बागलुङ नगरपालिकाले भाडामा लिने गरी सम्झौता भएको हुँदा कृषि सामग्री कम्पनी लिमिटेडलाई धन्यवाद दिंदै उक्त जग्गाको उपयोग लगायतको विषयमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) हाल उक्त जग्गामा कट्रिना मार्वल सप्लायर्स भाडामा बस्दै आएको हुँदा उक्त सप्लायर्सको प्रोपाईटरलाई मिति २०८२/०७/०१ गते देखिको भाडा रकम हालको सम्झौता बमोजिम रु १६२,०००। अक्षेरुपी एकलाख बैसट्ठी हजार रुपैया मात्र हुने गरी बागलुङ नगरपालिकालाई भुक्तानी गर्न र दुई महिना भित्र उक्त जग्गा खाली गर्नको लागि पत्राचार गर्ने ।

(ख) उक्त जग्गामा सवारी पार्किङ सहित माछा/मासु, फलफुल/तरकारी (कृषि उत्पादन सँग सम्बन्धित) लगायत अन्य व्यवसाय संचालन गर्ने गरी संरचना निर्माणको डिपिआर तयार गर्न नगरविकास कोषलाई अनुरोध गर्ने ।

(ग) गोदामघर क्षेत्रको पूर्व पट्टीको साँग्रुरो परेर मुल सडकलाई छोएको जग्गाको उत्तर तर्फबाट ठूला सवारी साधन भित्र जान मिल्ने गरी बाटो छोडी दक्षिण तर्फ बाँकी रहने जग्गालाई भाडामा लगाउनको लागि प्रकृया अगाडि बढाउने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ३ (साविक कालिका गाविस वडा नं. ३) स्थित कृषि सामग्री कम्पनी लिमिटेडको नाममा नापी दर्ता भएको किं.नं. ७१, ७३ क्षेत्रफल ३-११-०-२ को जग्गा मिति २०८२/०७/०१ गते देखी १५ बर्षको लागि बागलुङ नगरपालिकाले भाडामा लिने गरी सम्झौता गरेको हुँदा उक्त जग्गामा कृषि बजार स्थापना गर्ने गरी आवश्यक संरचनाको डिटेल प्रोजेक्ट रिपोर्ट (डिपिआर) तयार गरिदिन र डिपिआर बमोजिम निर्माण हुने संरचना निर्माणको लागि अनुदान तथा ऋण रकम उपलब्ध गराईदिन नगर बिकास कोष, काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखराबाट नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्वन्धी मिति २०८२/०६/२८ गतेको सुचना बमोजिम यस नगरपालिकाबाट व्यवसायिक ओखर खेतीको लागि परियोजना प्रस्ताव तयार गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. १४ को स्वास्थ्य चौकी भवन निर्माणको लागि सम्झौता गरेका ठेकेदार कम्पनी D and G Prasad JV, चितवनले सम्झौताको समय भित्र काम नसकेको र पटक पटक म्याद थप गर्दा समेत कामप्रति जिम्मेवार नभै कार्यालयलाई हानी पुऱ्याउने गरी ढिला सुस्ती गरेको हुँदा उक्त ठेकेदार कम्पनीलाई नियमानुसार कारवाहीको प्रक्रिया अगाडी बढाउने गरी पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागलुङ उद्योग बाणिज्य संघले जिल्लाको समग्र आर्थिक, पर्यटकीय, सामाजिक, सांस्कृतिक लगायतका क्षेत्रको प्रवर्धन गर्ने उद्धेश्यले मिति २०८२ पुस ११ गते देखि **गण्डकी प्रदेश स्तरिय पर्यटन, कृषि, औधोगिक व्यापर मेला एवं आठौं बागलुङ महोत्सव-२०८२** संचालन गर्न लागेको हुँदा अनुमति पाँउ भनि यस कार्यालयमा निवेदन दिएकोले उक्त मेलालाई व्यवस्थित र मर्यादित

ढंगबाट संचालन गर्ने गरी अनुमति प्रदान गर्ने साथै उक्त कार्यक्रमको सह-आयोजकको भूमिकामा बागलुङ नगरपालिका समेत रहेको हुँदा चालु आ.व.को लागि मेला महोत्सव शिर्षकमा विनियोजन रकम उक्त कार्यक्रममा खर्च भएको बिल भरपाईको आधारमा उद्योग बाणिज्य संघलाई भुक्तानी गर्ने निर्णय गरियो ।

निणर्य नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. १२ को वडा कार्यालय मार्फत वडाको बजेट शिर्षकबाट आगलागीमा गोठ नष्ट भएका निल प्रसाद रेग्मीलाई दिएको आर्थिक सहायता रकमलाई समर्थन गर्ने निर्णय गरियो ।

निणर्य नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सडक बोर्ड नेपालको सहयोगमा यस नगरपालिका अन्तर्गत विभिन्न सड्क कालोपत्रे र नाली मर्मत गर्ने कार्यका लागि श्री लिला निर्माण सेवा, पोखरासंग सम्झौता भै निर्माण कार्य अन्तिम चरणमा पुगेको हुँदा निर्माण कार्य सम्पन्न गरी अन्तिम किस्ता रकम मागको लागि सडक बोर्ड नेपालमा अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा बागलुङ नगरपालिका बागलुङको ठेक्का नं. BAGMUN/BAG/NCB/W/06/080-81: Muktinath Baba Parikarma Sadak Nirman, Ba.Na.Pa.-06, Panchakot को शुरु सम्झौता रकम रु ८,६७,९७,७४०।८७ मा कार्य संचालनको क्रममा आई परेका थप कार्यहरुलाई समेटेरे तयार पारिएको दोश्रो भेरिएसन अर्डरको लागत अनुमान रु ९,९३,३४,४०९।०१ (मु.अ.कर सहित) र कुल सम्झौता रकम रु ९,४३,४६,५३४।५९ (मु.अ.कर सहित) स्वीकृत गर्ने निर्णय गरियो ।

निणर्य नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस कार्यालयमा देहायका व्यक्ति तथा संस्थाले देहाय बमोजिमको प्रयोजनको लागि आर्थिक सहायताको लागि माग गरेको हुँदा देहाय बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | आर्थिक सहायता माग गर्ने व्यक्ति तथा संस्था | प्रयोजन | सहायता रकम रु |
|---|---|---|---|
| १. | नेपाल भाषा मंकाः खल | न्हु दँः नयाँ नेपाल सम्वत ११४६ को उपलक्ष्यमा आयोजित कार्यक्रमको भुक्तानी | ४०,०००।- |

| | | | |
|---|---|---|---|
| २ | राम बहादुर खड्का, बनपा ८ | पैह्रो आई गोठ चौपयाको क्षति भएको घर जोखिम भएको । | ३०,०००।- |

निणर्य नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ३ स्थित निर्माणाधिन अवस्थामा रहेको कुकुर सेल्टर हाउस जाने सडक निर्माणको लागि चालु आ.व.को बजेट तथा कार्यक्रमबाट रु ५,००,०००। अक्षेरुपी पाँचलाख रुपैया मात्र विनियोजन भएको तर उक्त रकमले सडक निर्माण कार्य सम्पन्न हुन सक्ने अवस्था नदेखिएको हुँदा **सामुदायिक कुकुर बन्ध्याकरण रेविज खोप तथा उपचार तथा सेल्टर हाउस व्यवस्थापन** कार्यक्रममा विनियोजन भएको रकम मध्ये रु ५,००,०००। अक्षेरुपी पाँच लाख रुपैया मात्र सेल्टर हाउस जाने सडक निर्माणमा रकमान्तर गरी कोटेशन मार्फत सडक निर्माणको कार्य अगाडि बढाउने निर्णय गरियो ।

निणर्य नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री छम बहादुर कार्कीका पुजनीय पिता रत्न बहादुर कार्कीको ७९ बर्षको उमेरमा भएको असामयिक निधन प्रति गहिरो दुःख व्यक्त गर्दै हार्दिक समवेदना अर्पण गर्ने निर्णय गरियो ।